Felm 1859

# फोटो एवम् अन्तरवार्ताको लागि अनुमति माग फारम

**फेल्मको बारेमा**

फेल्म विश्वव्यापी रुपमा विकासको क्षेत्रमा काम गर्ने फिनल्याण्डको एक अन्तराष्ट्रिय संस्था हो। सन् १८५९ मा स्थापना भएको यो संस्था मानवीय गरिमा एवम्  न्याय प्रवर्धन गर्ने उद्देश्यसहित विश्वका ३० देशमा कार्यरत छ।

नेपालमा फेल्मले सन् १९७७ देखि तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ)को रुपमा भने चाहिँ २००९ देखि काम गरिरहेको छ। । हाम्रा सबै काम नेपालका स्थानीय साझेदार संस्था (गैर-सरकारी संस्था) मार्फत गरिन्छ। हामी सामुदायिक विकास,शिक्षा र व्यक्तिको जीविकोपार्जन सवलीकरण र खाद्य सुरक्षाको क्षेत्रमा कार्यरत छौं। हाम्रो प्रमुख लक्ष्य नेपालका महिला,बालबालिका, शारीरिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिसहित सबैभन्दा उच्च जोखिममा रहेका मानिसहरुको हितका लागि काम गर्ने रहेको छ।

**तपाइँको  अनुमति**

यस परियोजनामा सक्रिय रुपमा आबद्ध व्यक्तिका भनाइ तथा तस्बिरहरु हाम्रा लागि धेरै महत्त्वपूर्ण छन्। हामी तिनलाई प्रयोग गरेर हामीले गरिरहेका कामबारे नेपालभित्र र बाहिर खासगरी फिनल्याण्डमा रहेका मानिसहरुलाई जानकारी दिने गर्दछौं।

के तपाइँ हामीलाई तपाइँको अन्तरवार्ता लिन तथा फोटो तथा भिडिओ खिच्न अनुमति दिएर हामीलाई सहयोग गर्न सक्नुहुन्छ?

हामी तपाइँको कथा तपाइँ स्वयम्लाई चित्त बुझ्ने तरिकाले भन्नेछौं। तपाइँ जे कुरा सार्वजनिक गर्न चाहनुहुन्न त्यो हामीलाई भन्न जरूरी छैन। त्यस्तै आवश्यक परेमा हामी तपाइँको नाम परिवर्तन गर्न पनि सक्छौं।

हामी तपाइँले भन्नु भएका शब्द, तस्बिर र भिडिओ फेल्मको संचार,कोष जुटाउन वा प्रचार-प्रसार गर्न र हामीले के-के काम गरिरहेका छौं  तथा परियोजनाका गतिविधिबारे मानिसहरुलाई जानकारी दिन प्रयोग गर्ने गर्दछौं। उदाहरणका लागि:

- पर्चा 
- प्रेस,पत्रिका तथा अन्य प्रकाशन (छापा तथा अनलाइन दुवैमा) 

- पोस्टर 
- रेडियो  
- भिडिओ 
- टेलिभिजन 

- पुस्तक 
- इन्टरनेट (वेबसाइट तथा सामाजिक संजाल)  

तपाइँको फोटो तथा व्यक्तिगत जानकारी एकचोटी इन्टरनेटमा राखेपछि,संसारभरका मानिसले तिनलाई देख्न सक्छन्।

**यदि तपाइँलाई यी सबै कुरा मान्य छन् भने तलको फारम भर्नुहोस् :**

म, मेरो नाम र उमेर मेरो फोटो र भिडिओसँगै प्रयोग गर्न तथा मैले भनेका शब्द प्रयोग गर्न अनुमति दिन्छु। यी सामग्री फेल्मले उसको संचार,कोष जुटाउन तथा प्रचार-प्रसारको लागि प्रयोग गर्ने कुरा मलाई राम्ररी थाहा छ।

हामी वास्तविक नाम प्रयोग गर्ने गर्छौं। तर यदि तपाईँ आफ्नो सही नाम खुलाउन चाहनुहुन्न भने यहाँ टिक गर्नुहोस् ________

नाम : ____________________________________________________________________

उमेर : ____________________________________________________________________

टेलीफोन नम्बर(ऐच्छिक): ____________________________________________________________

ठेगाना (ऐच्छिक): ___________________________________________________________

मिति तथा हस्ताक्षर : ___________________________________________________________

**यदि व्यक्ति नाबालग (१८ वर्ष मुनिको)छ भने उसको अभिभावक वा संरक्षकले यो फारम भर्नपर्ने हुन्छ:**

नाम : _________________________________________________________________

टेलिफोन नम्बर (ऐच्छिक): ____________________________________________________________

मिति तथा हस्ताक्षर,अभिभावक/हेरचाह गर्ने व्यक्ति/संरक्षक: ____________________________________

**सम्पूर्ण सूचना फेल्मले सुरक्षितसँग राख्नेछ।**